nepalpostdaily.com
# नेपाल पोष्ट डेली
दैनिक
28°C । वर्ष : १०, अंक : ३५३ पृष्ठ ४ । सोमबार,१९ साउन २०८२ । MONDAY, AUGUST 04, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## मिनिल्यान्ड कलेजले बीरगन्जका प्रमुख सिंहलाई लेभल मिलेन सरसँग तिम्रो बाउ बोलाऊ भनेपछि.......

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ साउन /***

बीरगन्जस्थित मिनिल्यान्ड २ कलेज म्यानेजमेन्ट, ल, एन्ड होटेल म्यानेजमेन्टले बीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई लक्षित गर्दै सामाजिक सञ्जालमार्फत आपत्तिजनक टिप्पणी गरेको घटनाले विवाद निम्त्याएको छ । कलेजले आफ्नो आधिकारिक फेसबुक पेजमार्फत सेयर गरेको एक पोस्टमा मेयर सिंहलाई लक्षित गर्दै लेखिएको "लेभल मिलेन सरसँग तिम्रो बाउ बोलाऊ" भन्ने टिप्पणीले व्यापक आलोचना भएको छ । उक्त पोस्ट अहिले हटाइए पनि विवाद भने कायमै छ । विवादको सुरुवात केही दिनअघि मेयर सिंहले बीरगन्ज -२२ स्थित सामुदायिक स्कूलमा कार्यरत शिक्षक लक्ष्मण यादवमाथि निजी विद्यालयको प्रचारप्रसार गरेको आरोप लगाएपछि भएको हो । मेयर सिंहले सार्वजनिक मञ्चबाट शिक्षक यादवलाई कारबाही गर्ने चेतावनी दिएका थिए । सोही चेतावनीपछि महानगरपालिकाको शैक्षिक




प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले शिक्षक यादवलाई पाँच दिने स्पष्टीकरण सोधेका थिए । शुक्रवार जारी गरिएको स्पष्टीकरणमा यादवलाई किन कारबाही नगर्ने भन्दै पाँच दिनभित्र जवाफ पेस गर्न आदेश दिइएको थियो । स्पष्टीकरण सोधिएको समाचार प्रकाशित गरेपछि मिनिल्यान्ड २ कलेजले सोही समाचार सेयर गर्दै मेयर सिंहलाई अपमानजनक टिप्पणी गरेको हो । तर, तीव्र आलोचनापछि कलेजले उक्त फेसबुक पेज आफ्नो आधिकारिक नभएको दाबी गर्दै प्रेस विज्ञप्ति जारी गरेको छ । विज्ञप्तिमा भनिएको छ, "विद्यालयको नाममा विभिन्न पेज बनाई सामग्री राखिएकोप्रति हामी गम्भीर छौं । उक्त पेज हाम्रो आधिकारिक होइन ।यस्ता गतिविधि गर्नेहरूमाथि कानुनी कारवाही गरिनेछ ।" यद्यपि, उक्त पेज सञ्चालकहरू कलेजको जिम्मेवारीमा रहेका व्यक्तिहरूसँग

बाँकी तेश्रो पृष्ठमा⇨

## बारामा बालककाे मृत्यु प्रकरण : उद्योगद्वारा क्षतिपूर्तिसहित रोजगारी दिने सहमति

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ साउन /***

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-५ स्थित सिरसिया कुलो (बर्खि बाँध) मा डुबेर ज्यान गुमाएका १३ वर्षीय सन्दीप मुखियाको घटनाले स्थानीय समुदायलाई आक्रोशित बनाएको छ । स्थानीयका अनुसार गणपति घ्यू, नन्दन घ्यू र अशोक स्टील उद्योगबाट प्रशोधन नगरी बगाइएको रसायनयुक्त प्रदूषित पानीका कारण सन्दीपको मृत्यु भएको हो । शल्य परीक्षणले समेत मृत्युको कारण प्रदूषित पानी भएको पुष्टि गरेपछि पीडित परिवार र स्थानीयले शनिबार शवसहित मुख्य सडकमा प्रदर्शन गरेका थिए । शवसहित प्रदर्शन गर्दै आक्रोशित स्थानीयले उद्योगको लापरवाहीले जनस्वास्थ्य र वातावरणमा गम्भीर असर पुऱ्याएको भन्दै दोषीमाथि कडा कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग राखेका थिए । इलाका



प्रहरी कार्यालय सिमराका डीएसपी वेदप्रकाश जोशीका अनुसार उद्योग प्रशासन, पीडित परिवार, जनप्रतिनिधि र स्थानीय अगुवाबीच भएको छलफलमा गणपति र नन्दन घ्यू उद्योगले संयुक्त रूपमा ६ लाख रुपैयाँ क्षतिपूर्ति दिने सहमति गरेका छन् । साथै मृतक बालककी आमा अञ्जु मुखियालाई स्थानीय विद्यालयमा स्थायी रोजगारी दिनेसमेत सहमति भएको छ । उद्योगले संयुक्त रूपमा उनलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्, यद्यपि मासिक तलबबारे उद्योग पक्षको औपचारिक पुष्टि आउन बाँकी छ । यसैबीच, जीतपुरसिमरा उपमहानगरपालिकाले प्रदूषित पानी बग्ने स्थानमा डोजर परिचालन गर्दै ह्युमपाइप हटाई खाल्डो पुर्ने काम थालेको छ । उपप्रमुख भोलाप्रसाद अधिकारीले उद्योगहरूबाट फोहोर र रसायनयुक्त पानी ननिस्किएको भन्ने

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा उद्योग दर्तामा उल्लेख्य वृद्धि

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ साउन /***

कोरोना महामारीपछि थलिएको साना तथा घरेलु उद्योग क्षेत्र फेरि उकासिन थालेको छ । आर्थिक नगरी बीरगन्ज रहेको पर्सामा पछिल्लो आर्थिक वर्षमा उद्योग तथा व्यवसाय दर्ताको संख्यामा उल्लेखनीय वृद्धि देखिएको छ, जसले स्वदेशमै उद्यम गर्न सकिने विश्वास जगाएको छ । प्रदेश सरकार अन्तर्गतको घरेलु तथा साना उद्योग कार्यालय, पर्साका अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल १,७२१ नयाँ उद्योग तथा व्यवसाय दर्ता भएका छन् । अघिल्लो वर्षको तुलनामा यो संख्या ३०९ ले बढी हो । २०८०/८१ मा १,४१२ उद्योग मात्र दर्ता भएका थिए । केवल नयाँ दर्ता मात्र नभई, पुराना उद्योगहरूको नविकरणमा पनि उल्लेख्य वृद्धि देखिएको छ । गत आर्थिक वर्षमा ८०२ ले बढी उद्योग तथा व्यवसाय नविकरण



भएका छन् । २०८१/८२ मा उद्योग तर्फ १,५९८ र बाणिज्य तर्फ १,३९२ गरी कुल २,९९० व्यवसाय नविकरण भएका थिए । घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख पवन पंजियारका अनुसार नयाँ दर्ता भएका १,७२१ मध्ये ८८८ उद्योग तर्फ, ७५३ बाणिज्य तर्फका प्राइभेट फर्म छन् । साझेदारीमा २० र प्राइभेट लिमिटेडतर्फ ६० उद्योग दर्ता भएका छन् । यो वृद्धिको पछाडि सरकारको शुल्क घटाउने नीति, व्यवसाय प्रवर्द्धन कार्यक्रम, र लगानीमैत्री वातावरण मुख्य कारण रहेको उनको भनाइ छ। प्रमुख पंजियारका अनुसार नयाँ उद्योग दर्ता गराउनेमध्ये धेरै जना विदेशबाट फर्किएका युवा पनि छन् । यसले विदेश निर्भरता घटाउँदै स्वदेशमै उद्यमशीलता बढ्ने संकेत देखिएको छ । उनले थपे, "सरकारले दर्ता शुल्क झण्डै १२ हजारबाट

बाँकी तेश्रो पृष्ठमा⇨

## बहुविवाहलाई प्रोत्साहन गर्ने शब्दप्रति भ्रम भए संशोधन गरिने : कानुनमन्त्री चौरसिया

***बीरगन्ज,१८ साउन /***

बहुविवाहसम्बन्धी प्रस्तावित कानुनको मस्यौदालाई लिएर उठेको विवादपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले स्पष्टीकरण दिएका छन् । नेपाल महिला संघले आइतवार मन्त्रालयमा बुझाएको ज्ञापनपत्र बुझ्दै मन्त्री चौरसियाले सरकारले बहुविवाहलाई वैधता दिने वा प्रोत्साहन गर्ने कुनै कानुन ल्याउन खोजेको होइन भन्दै प्रस्ट पारे । सञ्चारमाध्यममा बहुविवाहलाई निश्चित अवस्थाहरूमा कानुनी रूपमा मान्यता दिने कानुन ल्याइएको भन्ने आशंका उठेपछि चौरसियाले ती दाबी गलत रहेको बताए । उनले भने, "हाम्रो घरमा पनि छोरीहरू छन् । महिलालाई पीडा हुने कानुन बनाउने सोच हामीसँग छैन । शब्दबाट भ्रम हुने हो भने हामी संशोधन गर्न तयार छौं ।" मन्त्री चौरसियाका अनुसार प्रस्तावित संशोधनको उद्देश्य गलत सम्बन्धबाट जन्मिएका सन्तानको अधिकार



सुनिश्चित गर्नु हो । "बच्चाको कुनै दोष हुँदैन, उसले आफ्नो हाडनाता पाउनुपर्छ । कारबाही त दोषीलाई हुन्छ चाहे पुरुष होस् वा महिला," उनले भने । उनले थपे, "पुरुषले ढाँटेर सम्बन्ध राखेको छ भने महिलाले क्षतिपूर्ति पाउने व्यवस्था गरिन्छ । महिलाले ढाँटेर गरेको छ भने पनि दुवै कानुनको भागिदार हुनेछन् । यसलाई बहुविवाहको समर्थन भन्नु गलत व्याख्या हो ।" चौरसियाले बहुविवाहलाई निस्तेज पार्न कानुन कडाइका साथ कार्यान्वयन गरिनुपर्नेमा जोड दिँदै, प्रस्तावित मस्यौदा अझै मन्त्रिपरिषद्को समिति छलफलमा रहेको र पूर्णरूपमा तयार नभएकाले यसलाई सरकारको अन्तिम धारणा मान्न नहुने स्पष्ट पारे । "यदि मस्यौदामा समस्या छ भने हटाउन पनि तयार छौं । तर यसको उद्देश्य कानुनी न्याय हो, बहुविवाहको प्रोत्साहन होइन," मन्त्री चौरसियाले दोहोऱ्याए । हाल विवादमा रहेको संशोधन प्रस्तावमा गलत सम्बन्धबाट जन्मिएका सन्तान तथा सम्बन्धित महिलाको पहिचान र अधिकार सुरक्षित गर्ने व्यवस्था गरिएको बताइएको छ ।

## बीरगन्ज भन्सारले लक्ष्यअनुसार राजस्व सङ्कलन गर्न असफल

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ साउन /***

खुला सिमाना र कमजोर समन्वयका कारण बीरगन्जका दुई भन्सार कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न सकेनन् । बीरगन्ज भन्सार कार्यालयलाई सरकारले गत वर्ष २ खर्ब १८ अर्ब ९५ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य दिएको थियो । तर, कार्यालयले त्यसको केवल ८०.३५ प्रतिशत अर्थात् १ खर्ब ७५ अर्ब ९३ करोड रुपैयाँ मात्र सङ्कलन गर्न सफल भएको छ । सुक्खा बन्दरगाह भन्सार कार्यालयको अवस्था पनि उस्तै रहेको छ । उक्त कार्यालयले ६० अर्बको लक्ष्यमा ४९ अर्ब ८२ करोड रुपैयाँ मात्रै उठाउन सकेको छ । भन्सार प्रमुख दीपक लामिछानेले खुला सिमानाको चरम दुरुपयोग, चोरी-पैठारी र भारत-नेपालबीचको सामाजिक सम्बन्धका कारण नियन्त्रणमा

बाँकी तेश्रो पृष्ठमा⇨

## श्रीमतीको हत्या आरोपमा श्रीमान् पक्राउ

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ साउन /***

पर्साको जिराभवानी गाउँपालिका-५ शंकरसरैया मुसहर टोलमा श्रीमतीको हत्या आरोपमा एक युवक पक्राउ परेका छन् । २४ वर्षीया अस्पतलिया देवीको कुटपिटका कारण ज्यान गएको पुष्टि भएपछि उनका श्रीमान् जितन माझीलाई प्रहरीले शनिबार साँझ पक्राउ गरेको हो । प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार, पति-पत्नीबीच विवाद भएपछि जितनले कुटपिट गरेका थिए । घटनास्थलमै अस्पतलियाको मृत्यु भएको पुष्टि गरिएको छ । जितन माझीलाई नियन्त्रणमा लिएर अहिले घटनासम्बन्धी थप

बाँकी तेश्रो पृष्ठमा⇨

## सुख्खाबाट पीडित मधेशका किसानका लागि जसपाको ११ बुँदे माग

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ साउन /***

जनता समाजवादी पार्टी, नेपाल (जसपा) पर्साले मधेश प्रदेशमा देखिएको सुख्खा संकटको सन्दर्भमा सरकारको कामप्रति गम्भीर असन्तोष व्यक्त गर्दै प्रधानमन्त्री र मधेशका मुख्यमन्त्रीलाई ११ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । जसपाले सरकारले सुख्खा संकटग्रस्त क्षेत्र घोषणा गरे पनि राहत प्याकेज नल्याउनु 'नालायकीपन' भएको आरोप लगाएको छ । जसपा नेपाल पर्साका अध्यक्ष राम नरेश प्रसाद यादवको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालयमार्फत बुझाएको ध्यानाकर्षण पत्रमा 'सरकारको काम केवल घोषणामा मात्र सीमित छ । राहतको कुनै ठोस नीति वा बजेट छैन । यस्तो अवस्थामा सर्वसाधारणको जीवन अत्यन्तै कष्टकर बनेको छ ।' उल्लेख गरिएको छ । पार्टीको कार्यक्रम अनुसार मधेश प्रदेशको ८ वटै जिल्लका प्रशासन कार्यालयमार्फत संघ र प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाइएको अध्यक्ष यादवले जानकारी दिए । जसपा नेपालले सुख्खाग्रस्त क्षेत्रहरूमा अविलम्ब सिँचाइको प्रबन्ध मिलाउन, किसानहरूलाई कृषि ऋणमा छुट दिलाउन र मल खाद्यको न्यायोचित वितरण गर्न

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय


## नेपाललाई स्तरोन्नतिको अवसर

राष्ट्र र जनता दुवै गरिब हुनु अभिशाप हो । सधैँ अरूको सहायता, सहयोग र अनुदानमा बाँच्नुपर्ने अवस्था राम्रो होइन । प्राकृतिक स्रोत र साधनले धनी भएर पनि व्यवस्थापकीय कमजोरीका कारण नेपाल गरिब मुलुक भएर रहनु परेको हो । सन् १९७१ देखि नेपाल अति कम विकसित राष्ट्रको सूचीमा परेको हो । गरिब राष्ट्रको अध्यक्ष बन्न नेपाललाई सुहाउने कुरा थिएन तर परिस्थिति अनुकूल नहुँदा लामो समयसम्म गरिबीको पीडा बोक्न नेपाल बाध्य भएको छ । अब यो पीडाबाट मुक्त हुने दिन नजिकिएको छ । संयुक्त राष्ट्रसङ्घले आउँदो वर्ष सन् २०२६ को नोभेम्बर २४ मा नेपाललाई अतिकम विकसित मुलुकको सूचीबाट हटाएर विकासशील मुलुकमा स्तरोन्नति गर्दै छ । यो नेपाल र नेपालीका लागि खुसीको खबर हो । विकासशील मुलुक बन्न नेपालले अहिलेसम्म गरेको तयारी र विकास गरेको पूर्वाधारले आशावादी बनाएको छ । विकासशील राष्ट्रमा स्तरोन्नति भएपछि नेपालले अहिलेभन्दा स्वाभिमानका लागि धेरै मेहनत गर्नु पर्छ । त्यसका लागि सबै क्षेत्रको सकारात्मक सहयोग अपेक्षित छ । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विकासशील राष्ट्रको समूहमा स्तरोन्नति भएपछिको चुनौती सामना गर्न पर्याप्त पूर्वतयारीमा रहेको बताउनुभएको छ । उहाँले स्तरोन्नतिसँगै दिगो विकास गन्तव्यलाई ध्यानमा राखेर नेपालले तयारी गरिरहेको स्पष्ट गर्नुभएको छ । राष्ट्रिय सभाको बुधबारको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिले 'नेपालको अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८१' माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी कूटनीतिमार्फत वैदेशिक सम्बन्ध थप सुदृढ गर्ने प्रयास भएको जानकारी गराउनुभएको हो ।सरकारले स्तरोन्नतिका साथसाथै अति कम विकसित राष्ट्रका रूपमा प्राप्त सुविधा जारी राख्न वार्ता र पहल जारी राखेको छ । स्तरोन्नतिपछि ऋणको ब्याजदर बढ्न नदिने प्रयास जारी छ । धेरै आत्तिनुपर्ने अवस्था छैन । यद्यपि स्तरोन्नतिका कारण नेपालले उपभोग गर्दै आएको विकास सहायता र अनुदानमा कमी, अन्तर्राष्ट्रिय ऋणमा उच्च ब्याजदर तथा व्यापार सुविधा घट्न सक्ने समितिले प्रतिवेदनमा औँल्याइएको छ । यस विषयमा सरकार सचेत छ । अनुदान दिने राष्ट्रसँगको द्विपक्षीय सम्बन्धको विषय हो । अरू कसैले किन दिएको भन्न मिल्दैन । मित्रराष्ट्रले चाहेको अवस्थामा अनुदान दिन नपाउने अवस्था रहन्न । विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा केही कानुन खारेज गर्नुपर्ने, केही संशोधन गर्ने र केही नयाँ कानुन बनाउनुपर्ने हुँदा यसका लागि प्रक्रिया अगाडि बढाइएको छ । संसद्को जारी अधिवेशनमा नै सरकारले धेरै कानुन बनाएको छ । अझै केही कानुन निर्माणको चरणमा छन् । विकासशील राष्ट्रमा स्तरोन्नति हुनु सबै नेपालीका लागि गौरवको विषय हो । नेपालले समान सार्वभौमिकता र सार्वभौम समानकै सिद्धान्तमा रहेर अहिले पनि विकास अनुदान र सहायता लिँदै आएको छ । अब विश्व व्यापार सङ्गठन, संयुक्त राष्ट्रसङ्घ, विश्व बैङ्कलगायतले अति कम विकसित राष्ट्रको हैसियतमा दिने सुविधामा कमी आउन सक्छ तर विकासशील राष्ट्र भएपछि बढ्ने स्वाभिमान र आत्मविश्वासले आफैँ सक्षम बन्न सहयोग पुग्छ । सन् २०२० मा विश्व बैङ्कले न्यून आय भएको राष्ट्रको समूहबाट नेपाललाई न्यून मध्यम आय भएको राष्ट्रमा स्तरोन्नति गरेको थियो । स्तरोन्नति हुन प्रतिव्यक्ति कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क गरी तीन वटा सर्त राखिएका छन् । समितिले आफ्नो प्रतिवेदनमा प्रतिव्यक्ति कुल राष्ट्रिय आयबाहेकका दुई वटा सर्त पूरा गरेर नेपालको स्तरोन्नति हुने जनाएको छ तर प्रधानमन्त्री ओलीले प्रतिव्यक्ति कुल राष्ट्रिय आयको सर्त पूरा नगरेको दाबी पुरानो र धेरै अघिको मूल्याङ्कनबमोजिम भएको बताउँदै प्रतिव्यक्ति कुल राष्ट्रिय आयसमेत पछिल्ला वर्षमा बढेर एक हजार चार सय अमेरिकी डलर पुगेको जानकारी गराउनुभएको छ । संयुक्त राष्ट्रसङ्घले सन् २०१५, २०१८ र २०२१ मा मूल्याङ्कन गर्दा प्रतिव्यक्ति आयसम्बन्धी सर्त पूरा भएको थिएन । भूकम्प, कोरोना महामारी, बाढी, पहिरोले ल्याएको विनाशले नेपालको विकासलाई क्षति पुऱ्याए पनि अहिलेको सुधारको अवस्थामा आउनु ठुलो र प्रेरणादायी विषय हो । भूकम्पले नौ लाख घर, हजारौँ विद्यालय भत्किए । नौ हजारभन्दा बढी व्यक्तिको ज्यान लियो ।

# आणविक ऊर्जा र जलवायु सम्मेलन

**कटक मल्ल**

आणविक हतियार र जलवायु परिवर्तन 'मानव सुरक्षा' विरुद्ध मानवद्वारा नै निर्मित दुई गम्भीर खतरा हुन् । 'आणविक ऊर्जाको सैन्य प्रयोग' का विरुद्ध संयुक्त राष्ट्रसंघले १९५४ मा 'शान्तिका लागि परमाणु' प्रस्ताव पारित गरेको थियो । राष्ट्रसंघले आणविक ऊर्जाको सुरक्षित र शान्तिपूर्ण प्रयोगलाई प्रवर्द्धन गर्न १९५७ मा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी स्थापना गरेको थियो । आणविक ऊर्जालाई स्वच्छ ऊर्जा स्वीकार गरिए पनि यसलाई तीव्र बनाउने तरिकाहरू हालसम्म यकिन गरिएका छैनन् । त्यसैले परम्परागत युद्ध, आणविक ऊर्जालगायत आणविक हतियार र जलवायु विनाशबीचको अन्तर वस्तुलाई आगामी जलवायु परिवर्तन सम्मेलनमा उठाउन उपयुक्त हुन्छ भन्ने विषयमा यो लेख केन्द्रित छ । संयुक्त राष्ट्र जलवायु परिवर्तन महासन्धि (१९९२) पक्ष-राष्ट्रहरूको नियमित वार्षिक बैठक (संक्षिप्त नाम 'कप' बैठक) हुन्छ । कप बैठकको प्रमुख लक्ष्य 'विश्वव्यापी औसत तापक्रममा भएको वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा २ डिग्री सेल्सियसभन्दा कम राख्नु' र तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित गर्ने प्रयास अगाडि बढाउनु हो । त्यसका लागि जीवाष्म इन्धन (फोसिल फ्युल) ऊर्जालाई स्वच्छ ऊर्जाले प्रतिस्थापन गर्न आवश्यक हुन्छ । नेपालका छिमेकी चीन र भारत दुवै आणविक ऊर्जा र आणविक हतियारहरू भएका राष्ट्र हुन् । नेपाल जस्ता स्वच्छ जलविद्युत् ऊर्जा स्रोत भएका मुलुकले आणविक ऊर्जा आफैं उत्पादन गर्न नसक्ने भए पनि त्यससम्बन्धी बृहत् रणनीतिको हिस्सा हुन नीति तय गर्नुपर्छ । आणविक ऊर्जालाई 'ग्रिड' मार्फत जलविद्युत्सँग एकीकृत गर्न सकिन्छ । हाल प्रतिवर्ष मानव-उत्सर्जन हरितगृह ग्यास लगभग ५२ अर्ब टन छ । आईपीसीसीका अनुसार, २०१९ को उत्सर्जनलाई आधार मानी २०३० सम्ममा त्यो ४३ प्रतिशतले घट्नुपर्छ । तर प्रतिवर्ष उत्सर्जन घट्नुको सट्टा वृद्धि भइरहेछ । त्यसकारण 'कप २८ दुबई' घोषणाले २०५० सम्ममा विश्वव्यापी आणविक ऊर्जा क्षमतालाई तीन गुणा



बढाउने घोषणा गरिएको थियो । यसको उद्देश्य विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित गर्न आणविक ऊर्जा क्षमता बढाउनु हो । 'कप २९ बाकु' ले भविष्यमा आणविक ऊर्जा तीव्र बनाउने तरिका खोज्नेछ भन्ने उल्लेख गरिएको छ । युद्धको समयमा हुने सैन्य उत्सर्जन र जलवायु परिवर्तनका विविध स्रोतहरू बीचको अन्तरसम्बन्धलाई सम्बोधन गर्न प्रयास भइरहेका छन् । ब्राजिलमा हुने आगामी ३० औं कप बैठक वा सो उप्रान्त 'न्युउक्लेर नन-प्रोलिफिरेसन ट्रिटी' १९६८ (एनटीपी) बारेमा पनि गहन छलफल गर्न उपयुक्त हुनेछ । किनभने एनटीपी बहुपक्षीय बाध्यकारी सम्झौता हो । यसका मुख्य लक्ष्यहरू आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोग र प्रवर्द्धन गर्ने, आणविक हतियारको वृद्धि-प्रसार रोक्ने र आणविक हतियार भएका राष्ट्रहरूद्वारा निःशस्त्रीकरणको लक्ष्य प्राप्त गर्ने हुन् । एनटीपी १९७० मा लागू भयो र १९९५ मा अनिश्चितकालसम्म लागू हुने भनी विस्तार गरियो ।

**एनटीपीमाथि छलफल किन जरुरी ?**

हाल नौ आणविक हतियारहरूले सज्जित देशहरूमध्ये पाँच (चीन, फ्रान्स, रुस, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका) सहित कुल १९१ राष्ट्रहरू एनटीपीमा सामेल भएका छन् । भारत, पाकिस्तान, इजरायल र उत्तर कोरिया एनटीपी पक्ष भएका छैनन् । न त आणविक निःशस्त्रीकरण गरिएको छ, न त आणविक हतियारको प्रसार रोकिएको छ । हाल केहीलाई मात्र आणविक हतियार राख्ने अधिकार छ भने अरूलाई आणविक हतियार निर्माण गर्छ भन्ने शंकाका आधारमा आक्रमण भइरहेको छ । अरू धेरैसँग शान्तिपूर्ण उद्देश्यका लागि आणविक ऊर्जा निर्माण गर्ने क्षमता छैन । एनटीपीको यो स्थिति अन्तर्राष्ट्रिय कानुनको सबैभन्दा ठूलो मजाक हो । आणविक हतियार भएका राष्ट्रहरूले हरेक अन्तर्राष्ट्रिय मुद्दालाई नियन्त्रण गर्छन् । यस्तो परिस्थितिमा आणविक हतियार नभएका राष्ट्रहरूले आफ्नो आत्मनिर्णय गर्ने सार्वभौमसत्ता गुमाउँदै छन् आणविक हतियार भएका राष्ट्रहरूले हरेक अन्तर्राष्ट्रिय मुद्दालाई नियन्त्रण गर्छन् । यस्तो परिस्थितिमा आणविक हतियार नभएका राष्ट्रहरूले आफ्नो आत्मनिर्णय गर्ने सार्वभौमसत्ता गुमाउँदै छन् । आगामी कप सम्मेलनहरूमा आणविक शक्तिको आधिपत्यविरुद्ध सक्रिय र एकजुट हुनुपर्ने बाध्यता देखिन्छ । विशेषगरी आणविक हतियारको महत्त्वाकांक्षा नभएका तर शान्तिपूर्ण आणविक ऊर्जा प्रयोग गर्न चाहने मुलुकहरू, नगण्य कार्बन उत्सर्जन गर्ने तर जलवायु परिवर्तनको प्रभावबाट गम्भीर रूपमा प्रभावित मुलुकहरू र शान्तिको वकालत गर्ने नेपाल जस्ता मुलुकहरूले जलवायु वार्तामा शान्ति र सुरक्षाबारेमा नयाँ दृष्टिकोण अपनाउनुपर्ने देखिन्छ । यो अति आवश्यक छ । किनभने एकतर्फ, आणविक ऊर्जाको शान्तिपूर्ण प्रयोगबाट कार्बन उत्सर्जन घटाउन र जलवायु परिवर्तनको प्रभावसँग जुध्न आवश्यक हुँदै गइरहेको छ । अर्कोतर्फ, एनटीपीको बढ्दो रूपमा दुरुपयोग भइरहेको छ । यसैबीच आणविक निःशस्त्रीकरणका आवाजहरू मौन हुँदै गइरहेका छन् । सैन्य शक्ति देशका नेताहरूले आणविक हतियारहरू आवश्यक मान्छन् । संयुक्त राज्य अमेरिका, रुस, फ्रान्स, चीन, बेलायत, पाकिस्तान, भारत, इजरायल र उत्तर कोरिया त्यसअन्तर्गत पर्छन् । यी मुलुकहरू जलवायु परिवर्तन 'मानव सुरक्षा' का लागि खतरा हो भनी सोच्दैनन् । त्यसैले तिनीहरू विश्वको वायुमण्डलमा सबैभन्दा धेरै हरितगृह ग्यास उत्सर्जन गर्छन् । आणविक हतियार भएका देशका नेताहरू विश्व शान्तिका लागि भरपर्दो देखिँदैनन् । आणविक हतियारहरू शक्ति सन्तुलनको एक हिस्सा भनिए पनि, यसबाट 'हातमा हथौडा छ भने किलामा हिर्काएर सबै समस्याहरू समाधान' हुन सक्छन् भन्ने दुष्ट परिस्थिति सिर्जना भएको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा यो सबैभन्दा खतरनाक परिस्थितिजन्य प्रवृत्ति हो । खतरनाक परिस्थितिको पछिल्लो उदाहरण इरानमाथि इजरायल-अमेरिका आक्रमण हो । इरानले सम्भावित आणविक हतियारहरू उत्पादन गर्दै छ भन्ने शंकाका आधारमा इजरायलले इरानविरुद्ध आत्मरक्षाको नाजायज तर्क गर्दै जुन २०२५ मा अवैध आक्रमण गऱ्यो । यदि इरानको आणविक हतियारहरू उत्पादन गर्ने मनसाय थियो भन्ने मानिए पनि सो मनसायको उचित प्रमाण इजरायलले पेस गर्न सकेको छैन । सैनिक आक्रमण गर्नु नै एक मात्र उपलब्ध विकल्प थियो भनेर तर्क गर्न मिल्दैन । त्यसमाथि अमेरिकी 'बी-टू' बमवर्षकहरूले इरानको फोर्डो र नातान्ज आणविक स्थलहरूमा एक दर्जनभन्दा बढी 'बंकर-बस्टर बम' प्रहार गऱ्यो । इजरायल र अमेरिकी सरकार र यसका सेटलाइट देशहरू बाहेक अरू कसैले पनि यस्तो गैरकानुनी आक्रमणको वैधता स्वीकार गरेका छैनन् । इरान एनटीपी सदस्य छ । इरान अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीद्वारा गम्भीर निरीक्षणअन्तर्गत थियो । इरानमाथि इजरायल-अमेरिकी आक्रमणपछि त्यस्तो एजेन्सीलाई इजरायलका लागि काम गर्ने भन्ने आरोप लागेको छ । **युद्ध कप एजेन्डा किन ?**

मानव वातावरणसम्बन्धी संयुक्त राष्ट्र सम्मेलनको स्टकहोम घोषणापत्र १९७२ (सिद्धान्त २६) ले आणविक हतियारहरूको खतराहरूलाई स्पष्ट रूपमा स्वीकार गर्दछ र तिनीहरूको उन्मूलनका लागि आह्वान गरेको छ । आणविक हतियार निषेधसम्बन्धी सन्धि २०१७ मा गरिएको थियो । यसले आणविक हतियारको विकास, परीक्षण, उत्पादन, निर्माण, अधिग्रहण, कब्जा, भण्डारण, स्थानान्तरण वा प्रयोगलाई निषेध गर्दछ । रेडक्रस अन्तर्राष्ट्रिय समितिले आणविक विस्फोटबाट वातावरणमा हुने

बाँकी तेश्रो पृष्ठमा⇨

# पूर्वाधार विकासले खोजेको निकास

**कृष्ण बर्मा**

विकास समयको माग हो । विकास र शिक्षा एकअर्काका परिपूरक हुन् । तर हाम्रोमा न शिक्षा विकासित भयो न त पूर्वाधार विकास नै । विकास निर्माणमा जत्तिको भ्रष्टाचार र अनियमितता कुनैमा भएको छैन । भ्रष्टाचारका लागि मात्रै विकास गरिन्छ भनेर भन्दासमेत हुन्छ । छिमेकी देश भारत र चीनले विश्व इतिहासमा विकासमा धेरै फड्को मार्दा हाम्रोमा हिउँदमा बाटो बनाउने र वर्षात्मा बन्द गर्नेभन्दा अर्को हुन सकेको छैन । हरेक वर्ष विकास निर्माणमा हुने खर्च र टिकाउपनको मूल्यांकन गर्दा थाहा हुन्छ, विकास दीर्घकालीन सोचका लागि गरिन्छ कि बजेट सक्न ? छिमेकी देशले १० दिनमा एक हजार कोठाको भवन एक घण्टामा एक किलोमिटर बाटो पिच गर्दैगर्दा हाम्रोमा बुटवल नारायणगढ सडकले करिब १० वर्ष लिने ढुक्क छ । विकासको गतिमा भने हामीले अनेक चुनौतीको सामना गर्नु परेको छ । अस्थिर राजनीतिक व्यवस्था र कमजोर शासकीय संरचनाले गर्दा जनताले आधारभूत आवश्यकताहरूमा समेत गुणस्तरहीन अनुभव गरिरहेका छन् । विधानको धारा ४४ मा उपभोक्ताको हक जसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ र गुणस्तरहीन वस्तु र सेवाबाट क्षति पुगेका व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनेर संविधानमै स्पष्ट व्यवस्था छ । तर पनि दैनिक यी कुराको क्षति भोगिरहेका छौं । निम्न गुणस्तरका सामान, औषधि, खाद्य पदार्थ, तरकारी र सेवादेखि लिएर अव्यवस्थित पूर्वाधार विकाससम्मका समस्याले जीवनलाई कठिन बनाइरहेका छन् । यी समस्यालाई नियन्त्रण गर्न कुनै प्रभावकारी अनुगमन प्रणाली नहुनुले स्थिति झन् जटिल बनेको छ । यस्ता समस्याहरूको समाधान कसले गर्ला ? गुणस्तरीय कायम गर्न र नभएका लागि नियमन गर्न कानुन, निकाय र व्यवस्था नभएको भने होइन, केवल कार्यान्वयन मात्र नभएको हो । उपभोक्ताहरू गुणस्तरीय सेवा र उपभोग्य सामग्रीबाट नठगिऊन् र यदि कसैले ठगेमा ठगीविरुद्ध कडारूपमा उत्रिन सरकारले उपभोक्ता अदालतको गठनसमेत गरेको छ । जुन अत्यन्तै अग्रगामी र सकारात्मक विषय बनेको छ । अन्य विद्यमान कानुन र निकायजस्तै उपभोक्ता अदालत पनि गठन मात्रै नहोस्, काम देखाओस्, उपभोक्ताको जीवनसँग खेलबाड गर्नेहरूलाई कानुनको कठघरामा उभ्याएर सख्त कारबाही गरेको यिनै आँखाले देख्न र कानले सुन्न पाइयोस् । गुणस्तरहीन सामान र सेवाको बिगबिगी : गुणस्तरहीन र अखाद्य पदार्थको बिगबिगी छ । बजार पूरै मिसाबट र विषादीले भरिपूर्ण छ । खाद्य पदार्थ मात्रै नभएर संवेदनशील औषधिसमेत गुणस्तरहीन छन् । त्यसलाई बजारका व्यापारीले अवसर ठानेका छन् । नियमकले बेवास्ता गरेका छन् भने उपभोक्ता मारमा परेका छन् । बजारमा उपलब्ध सामानहरूको गुणस्तरले उपभोक्ताहरूलाई निराश बनाइरहेको छ । खाद्य पदार्थमा मिसावट, म्याद गुज्रिएका र कमसल उत्पादनको औषधि, निम्न कोटीको सार्वजनिक सेवा र कमजोर गुणस्तरका दैनिक उपभोग्य वस्तुहरूले जनस्वास्थ्यलाई जोखिममा पारेको छ । तर अनुगमन र नियमन भने मौसमी र कर्मकाण्डीमात्रै हुने गरेको छ । कमजोर, गुणस्तरहीन र अव्यवस्थित पूर्वाधार विकास : हाम्रो देश कंगाल हुनमा अव्यवस्थित र गुणस्तरहीन पूर्वधार विकास एउटा हो । भौतिक संरचना आवश्यकताभन्दा पहुँचमा

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## इजरायली हमलामा गाजामा कम्तीमा २० को मृत्यु, खाद्यान्न संकट चरम अवस्थामा

*काठमाडौं,१८ साउन ।*

इजरायली सेनाले शनिबार गरेको हवाई हमला र गोलीबारीमा गाजामा कम्तीमा २० जना मारिएको गाजाका स्वास्थ्य अधिकारीले जनाएका छन् । जसमा ८ जना खाद्यान्नको खोजीमा आएकाहरू पनि परेको बताइएको छ । उक्त हमलामा घाइते भएका ३६ जनालाई सहायता वितरण केन्द्रबाट मध्य गाजाको अस्पतालमा पुऱ्याइएको गाजा स्वास्थ्य मन्त्रालयले जनाएको छ । मध्य र दक्षिणी गाजामा शनिबार भएको दुई छुट्टाछुट्टै हमलामा १० जना मारिएको गाजास्थित स्वास्थ्यकर्मीलाई उद्धृत गर्दै एपीले जनाएको छ । नासेर अस्पतालले विस्थापितहरू आश्रय लिएर बसिरहेका पालमा गरिएका हमलामा ५ जनाको मृत्यु भएको उल्लेख गरेको छ । अर्को हमलामा, खान युनिसको मुख्य सडक नजिकै बसेका ती विस्थापितको पालमा हमला हुँदा दुई दाजुभाइ र एक आफन्तको मृत्यु भएको समाचारमा छ । खान युनिसमै बन्द एक कारागारको गेट नजिकै आश्रय लिएर बसिरहेका विस्थापितहरू लक्षित अर्को एक हमलामा परी एक आमाछोरीको मृत्यु भएको बताइएको छ । त्यसैगरी, जावाइदा र देयर अल-बलाहबीचको एउटा घरमा पनि इजरायली सेनाले हमला गर्दा दुई अभिभावक सहित उनीहरूका तीन बच्चाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयको एम्बुलेन्स र आपत्कालीन सेवाले बताएको छ । रफाहमा नवनिर्मित मोराग करिडोर र खान युनिसको बीचमा सहायता पर्खिरहेका भीडमा इजरायलको सेनाले गोली चलाउँदा अन्य ५ जना प्यालेस्टिनी पनि मारिएको अस्पतालले बताएको छ ।



इजरायलको सेनाले सहायता स्थल नजिकैको हमलाबारे तत्काल जवाफ दिएको छैन । यद्यपि, उसका शीर्षस्थ सैनिक जनरलले शनिबार आफ्ना बन्धकहरू रिहा नभएमा ‘लडाइँ जारी रहने’ चेतावनी दिएका छन् । लेफ्टिनेन्ट जनरल इयाल जामिरले युद्धविरामका लागि हमासमाथि दबाब कायम राख्न पनि इजरायलको सेनाले आक्रमण गर्नुपरेको तर्क गरेका छन् ।

यस क्षेत्रमा हवाई तथा स्थलमार्गबाट हुने सहायता वितरणमा इजरायलले प्रतिबन्ध लगाएका कारण स्थानीय प्यालेस्टिनीहरूले गम्भीर खाद्यान्न संकटको अवस्था झेलिरहेका छन् । शनिबार पनि गाजा मानव सहायता प्रतिष्ठान (जीएचएफ) को वितरण स्थल नजिकै खाद्य सहायता लिन आएका प्यालेस्टिनीलाई लक्ष्यित गर्दै गोली चलाइँदा स्थिति भयावह बनेको प्रत्यक्षदर्शीको हवाला दिँदै अन्तर्राष्ट्रिय सञ्चारमाध्यम एपीले जनाएको छ । ‘गोली लागेर घाइते भएका ३ जनालाई त्यहाँबाट बाहिर निकाल्न सहयोग गरेको थिएँ, तर त्यस वरपर रक्ताम्य अवस्थामा भुइँमा छट्पटाइरहेका अरू थुप्रै घाइते पनि देखिरहेको थिएँ,’ उक्त घटनाका प्रत्यक्षदर्शी बताउने स्थानीय याहिया युसेफले एपीलाई भने, ‘त्यसबेलाको दृश्य निकै आतंकित बनाउने खालको थियो, यस्ता परिदृश्य यहाँका प्यालेस्टिनीका लागि हरेक दिनको नियति बनिरहेको छ ।’

गाजापट्टीमा पछिल्लो २४ घण्टामा भोकमरीसम्बन्धी कारणले ७ जना प्यालेस्टिनीले ज्यान गुमाएको गाजास्थित स्वास्थ्य मन्त्रालयले शनिबार उल्लेख गरेको छ । ज्यान गुमाउनेमा एक बालबालिका पनि रहेको मन्त्रालयले जनाएको छ ।

देशको उत्तरी क्षेत्रस्थित इजरायल समर्थित अमेरिकाका चार सहायता वितरण केन्द्रमा निरन्तर गोलीबारी भइरहेको भन्ने प्रत्यक्षदर्शीको भनाइप्रति भने जीएचएफले आफ्ना वितरण केन्द्रहरूमा वा त्यस नजिक कुनै पनि हमला वा हताहती नभएको जिकिर गरेको छ । त्यसो त गाजामा भइरहेको मानवीय सहायता वितरणलाई अमेरिकी राजदूत माइक हकबीले शुक्रबार मात्रै ‘अविश्वसनीय उपलब्धि’ भन्दै टिप्पणी गरेका थिए । तर एक दिनपछि नै १८ जनाको हताहती हुने गरी हमला भएको हो । अन्तर्राष्ट्रिय समुदायले प्रदान गरेका खाद्यान्न तथा मानवीय सहायता बोकेका सवारीसाधनलाई गाजामा प्रवेशका लागि इजरायलले कडिकडाउ गर्दै आएपछि यस क्षेत्रका प्यालेस्टिनीले भोकमरीको सामना गर्नुपरिरहेको संयुक्त राष्ट्रसंघले बारम्बार उल्लेख गर्दै आइरहेको छ । सहायता सामग्री पुऱ्याउने समूहको प्रयासमा हिंसात्मक घटनाले बारम्बार अवरोध हुन थालेपछि अन्तर्राष्ट्रिय समुदाय इजरायली रबैयाप्रति आक्रोशित छ । भोकमरीसम्बन्धी अन्तर्राष्ट्रिय विशेषज्ञहरूले भने गाजामा सहायता खोज्नेहरूले संकटको सामना गर्नुपरिरहेको भन्दै यस साता भोकमरीको सबैभन्दा खराब परिदृश्य रहेको बताएका छन् । इजरायलले हमासविरुद्ध सैन्य कारवाही थालेको पछिल्लो २२ महिनामा झन्डै २० लाख प्यालेस्टिनी बसोबास गर्ने गाजा क्षेत्रमा सुरक्षाको अवस्था दयनीय बन्दै गएको र आवश्यक खाद्यान्न आपूर्तिमा अवरोध पुऱ्याइँदा यस क्षेत्रका सर्वसाधारणले चरम भोकमरीको सामना गर्नु परिरहेको एपीले जनाएको छ । इजरायल र हमासबीचको लडाइँ सुरु भएदेखि गाजापट्टीमा भोकमरी तथा कुपोषणसम्बन्धी विविध कारणले कम्तीमा ९३ बालबालिकाको मृत्यु भइसकेको बताइएको छ । साथै, प्यालेस्टिनको स्वास्थ्य मन्त्रालयले गत जुन महिनाको अन्त्यदेखि गरेको गणनाअनुसार कुपोषणका कारण ७६ जना वयस्कले पनि ज्यान गुमाएका छन् । त्यसैगरी, जीएचएफका सहायता वितरण केन्द्रमा राहत लिन जाने भीडमाथि चलाइएको गोलीका कारण गत मे २७ देखि जुलाई ३१ सम्ममा ८ सय ५९ जना मारिएको संयुक्त राष्ट्रको बिहीबार प्रकाशित प्रतिवेदनमा उल्लेख छ । साथै खाद्य सामग्री लिएर गाजा जाने सवारीसाधनहरूको सडकमार्गमा पनि खाद्यान्न लुटपाट गर्न खोज्नेलाई लक्षित गर्दै चलाइएका गोली लागेर सयौं मारिएका छन् । जीएचएफले भने सहायता वितरण केन्द्रमा चेतावनीस्वरूप अश्रुग्यासको मात्र प्रयोग गर्ने गरेको र भीड हिंसात्मक बन्न सक्ने जोखिम रोक्न चेतावनी गोली चलाइने गरेको दाबी गरेको छ । इजरायली सेनाले आफ्ना सैनिकहरू नजिक आउनेलाई चेतावनी गोली मात्र चलाएको र शुक्रबार पनि उसले आफ्नो नियन्त्रणमा रहेका मार्गहरूलाई सुरक्षित बनाउन चेतावनी गोली चलाएको बताएको छ । तर गाजामा भइरहेको मृत्युको तथ्यांकलाई इजरायल र जीएचएफले भने ‘अतिरञ्जित’ भएको दाबी गरेका छन् । **हवाई सहायतामा विस्तार** यसै साता इजरायलसहित धेरै युरोपेली देशहरूले जोर्डन नेतृत्वको गठबन्धनमा सामेल भएर हवाई मार्गबाट पार्सलहरू खसाल्ने योजनाको घोषणा गरेका छन् । यद्यपि यो योजना गाजावासीका लागि अझै पनि अपर्याप्त र निकै खर्चालु रहेको उनीहरूले बताएका छन् । ‘यदि हवाई सहायतालाई अनुमति दिने राजनीतिक इच्छाशक्ति छ भने, सडक मार्गहरू खोल्न पनि त्यस्तै राजनीतिक इच्छाशक्ति हुनुपर्छ,’ प्यालेस्टिनी शरणार्थीहरूका ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

महागढीमाई नगरपालिकाको कार्यालय
कलैया, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा


### आणविक ऊर्जा र जलवायु....

अपूरणीय क्षतिको चेतावनी दिएको छ । राष्ट्रसंघको महासभा प्रथम समितिका प्रस्तावहरूमा आणविक परीक्षणको वातावरणीय चिन्ता व्यक्त गरिएको छ । महासभाका बहसहरूले आणविक निःशस्त्रीकरणलाई दिगो विकास र वातावरणीय संरक्षणसँग जोडेका छन् । वातावरणीय ह्रास, स्रोतको अभाव र जलवायु परिवर्तनले द्वन्द्वलाई बढावा र नयाँ द्वन्द्वहरू सिर्जना गर्न सक्छ भन्ने मान्यता बढ्दै गएको छ । किनकि द्वन्द्वको समयमा विश्वव्यापी सैन्य उत्सर्जन जलवायु परिवर्तनमा महत्त्वपूर्ण योगदानकर्ता हुन्छ । भूक्षयीकरणमा युद्धका विस्फोटक अवशेषहरूको प्रभाव छलफल भइरहेको छ । तसर्थ द्वन्द्व र वातावरणीय क्षयको व्यापक सन्दर्भलाई अन्य फोरममा सम्बोधन गर्नुको सट्टा कप वार्ताअन्तर्गत एकीकृत गर्नु उपयुक्त देखिन्छ । कप ३० को मुख्य एजेन्डा जलवायु परिवर्तनसँग लड्न तीव्रता दिने र सुदृढ पार्ने भनिएको छ । जस्तै, ऊर्जा, उद्योग र यातायात, संक्रमण, वन, महासागर र जैविक विविधताको संरक्षण, कृषि साभार ईकान्तिपुर ।

### पूर्वाधार विकासले............

निर्माण हुने, निर्मित र निर्माणाधीन संरचनामा हामी कसैको महत्त्वमा नपर्नुले यसमा मनग्य प्रश्न उठाउने ठाउँ छ । विद्यालय, स्वास्थ्य संस्था, खेलमैदान, पुल, खानेपानी संरचना निर्माणको चरणमै जीर्ण बनेका तमाम उदाहरण छन् । यस्ता कमजोर पूर्वाधारले जनताको जीवनलाई जोखिममा मात्र पार्दैन, सरकारी बजेटको पनि दुरुपयोग गरेको छ । ठेक्कापट्टाको प्रक्रियामा पारदर्शिताको अभाव, कमजोर डिजाइन, सिन्डिकेट, कानुनी छिद्र र निर्माणमा प्रयोग हुने सामग्रीको निम्न गुणस्तर र नियमन आदि समस्याका प्रमुख कारण हुन् । समाधान बेगरको कमजोर अनुगमन प्रणाली : अनुगमन प्रणाली भएका र हुने गतिविधिको नियमक साधन हो । यी समस्याहरूको मूल जडमा प्रभावकारी अनुगमन प्रणालीको अभाव छ । गुणस्तर नियन्त्रणका लागि बलियो र स्वतन्त्र निकायको आवश्यकता छ, जसले बजारदेखि निर्माण स्थलसम्म नियमित अनुगमन गर्न सकोस् । तर, हाम्रो देशमा यस्ता निकाय या त पर्याप्त स्रोतसाधनबाट वञ्चित छन्, या त राजनीतिक हस्तक्षेप र प्रलोभनका सिकार छन् । उपभोक्ता अधिकार र गुणस्तर नियन्त्रणका लागि केही प्रयास भएका छन् । तर, यी छिटपुट र अपर्याप्त छन् । देशमा अनुगमन र गुणस्तर परीक्षणसँग सम्बन्ध राख्ने कानुन र निकायहरू नभएका होइनन् तर व्यवहारमा त्यो देखिएको छैन । बजार अनुगमन र गुणस्तर नियमन गर्न विभिन्न कानुन तथा निकायहरूको समेत व्यवस्था गरेको छ । जती कानुन निर्माण भए पनि अवस्था भने सुध्रिएको छैन । कानुन र नियमक निकायले समाधान दिन नसके यसको कुनै अस्तित्व हुँदैन । परिवर्तनको संकल्प आवश्यक छ : नेपालले विकासको बाटोमा अघि बढ्न गुणस्तरीय सार्वजनिक सेवा, सामान र बलियो पूर्वाधार अनिवार्य छ । साभार अन्नपूर्ण ।

### मिनिल्यान्ड कलेजले.........

सम्बन्धित रहेको पाइएको छ । कारबाहीमा परेका शिक्षक यादव मिनिल्यान्ड २ कलेजको संयोजकको रूपमा कार्यरत छन् । बीरगन्ज महानगरका प्रमुख राजेशमान सिंहले आपत्तिजनक टिप्पणी गर्नेहरू विरुद्ध कानुनी कारबाही गरिने बताएका छन् ।

### बारामा बालकको..............

उद्योग पक्षको दावी अस्वीकार गर्दै, पानीको दृश्य र प्रभावले नै त्यसको खण्डन गर्ने बताए । नगरपालिकाले अब वातावरणीय मापदण्डको उल्लंघन गर्ने उद्योगहरूमाथि कडा निगरानी र कानुनी प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ । स्थानीयले यसअघि पनि पर्खाल भत्काएर ह्युमपाइप हटाइए पनि उद्योगहरूले पुनः जडान गरी प्रदूषित पानी बगाइरहेको आरोप लगाउँदै आएका छन् । सन्दीपको मृत्युसँगै उठेको जनदबाबले उद्योगहरूको उत्तरदायित्व र नगरपालिकाको सक्रियता थप बढाउने देखिएको छ ।

### पर्सामा उद्योग दर्ता..............

घटाएर ७ सय पुऱ्याएको छ भने नविकरण शुल्कमा ८० प्रतिशतसम्म कटौती गरेको छ । यति हुँदाहुँदै पनि राजस्वमा गिरावट आएको छैन । पछिल्लो वर्ष ९७ लाख ३७ हजार एक सय रुपैयाँ राजस्व संकलन भएको छ ।" पर्साको यो प्रवृत्तिले मुलुकभित्रै व्यवसाय गरेर आत्मनिर्भर बन्न सकिने सकारात्मक सन्देश दिएको भन्दै उद्योगी-व्यवसायीहरू उत्साहित देखिएका छन् । यो वृद्धि दीर्घकालीन रूपले रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

### बीरगन्ज भन्सारले...........

कठिनाइ भएको बताएका छन् । “रोटी-बेटीको सम्बन्धले भावनात्मक दबाब सिर्जना गर्छ, जसले भन्सार छली नियन्त्रण गर्न झन् गाह्रो बनाएको छ,” उनले स्पष्ट पारे ।

### श्रीमतीको हत्या.................

अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । घटनाले घरेलु हिंसाको दुखद रुप फेरि एकपटक उजागर गरिदिएको छ । स्थानीय समुदायले दोषीमाथि कडा कारबाहीको माग गरेका छन् ।

### सुख्खाबाट पीडित...............

माग गरेको छ । वीरगन्ज लगायत मधेश प्रदेशका विभिन्न सहर र ग्रामीण क्षेत्रमा देखिएको खानेपानीको चरम अभावलाई तत्काल सम्बोधन गर्नुपर्नेमा पनि जोड दिइएको छ । यसका साथै, पार्टीले दीर्घकालीन रूपमा जल संकट समाधानका लागि चुरे वन क्षेत्रको संरक्षण गर्ने छन ।

# स्वास्थ्य

## गर्भनिरोधक चक्कीले डिप्रेसन गराउँछ ?



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार विश्वभर १० करोडभन्दा बढी महिलाले गर्भ निरोधक चक्की प्रयोग गर्छन् । सन् १९६० को दशकमा गर्भनिरोधक चक्की प्रयोगमा आएको थियो । यो चक्की प्रयोगमा आएदेखि फाइदाका साथै विभिन्न साइड-इफेक्ट पनि देखिएका छन् । जसमध्ये डिप्रेसन पनि प्रमुख रहेको विभिन्न अध्ययनले देखाएका छन् । गत वर्ष इपिडिमियोलोजी एन्ड साइक्याट्रिक साइन्सेसमा प्रकाशित एक अध्ययनअनुसार किशोरावस्थादेखि गर्भनिरोधक चक्की प्रयोग गर्नेहरूमा डिप्रेसनको जोखिम १३० प्रतिशत र वयस्कबाट प्रयोग गर्नेमा ७३ प्रतिशत रहन्छ । विशेषगरी दुई वर्षसम्म सो भन्दा बढी दैनिक प्रयोग गर्ने महिलामा सो समस्या देखिन सक्छ । उक्त अध्ययन लण्डनको बायोबैंकबाट दुई लाख ६४ हजार महिलामा गरिएको थियो । जसबाट कहिले पनि प्रयोग नगर्ने महिलाको तुलनामा दुई वर्षसम्म प्रयोग गर्नेहरूमा डिप्रेसन हुने जोखिम उच्च रहने अध्ययनको निष्कर्ष थियो । तर यसको कारणबारे भने स्पष्ट रुपमा नआइसकेको र थप अध्ययन आवश्यक रहेको अध्ययनकर्ताहरूले बताएका छन् । सो अध्ययनका अनुसन्धानकर्ता थेरेज जोहन्सन भन्छन्, ‘गर्भ निरोधक चक्की महिलाको लागि फाइदाजनक छ, जसमा कुनै शंका छैन । तर यसको साइड-इफेक्टको रुपमा देखिने डिप्रेसनको बारेमा पनि प्रयोगकर्ताहरु सचेत हुन आवश्यक छ ।’ उनका अनुसार पहिले भएका अध्ययन र हालै भएको अध्ययनले पनि साइड-इफेक्टको रुपमा डिप्रेसन हुने देखाएको छ । यसै सन्दर्भमा डेनमार्कमा भएको एक अध्ययनले भने गर्भनिरोधक चक्की र डिप्रेसनबीचको सम्बन्ध त्यति गम्भीर नभएको देखाउँछ । एबरडीन विश्वविद्यालयका प्राइमरी केयरका प्राध्यापक फिल हन्नाफोर्डका अनुसार गर्भनिरोधक चक्की र डिप्रेसनबीच कम प्रभाव छ । गर्भनिरोधक चक्की प्रयोग नगर्ने प्रत्येक १०० महिलामध्ये १.७ जना महिला प्रत्येक वर्ष डिप्रेसनबाट ग्रस्त हुने र गर्भनिरोधक चक्की प्रयोग गर्ने प्रत्येक १०० महिलामध्ये २.२ जना महिला डिप्रेसनबाट ग्रस्त हुने उनको भनाइ छ ।

थप प्रष्ट पार्दै प्रा. डा. हन्नाफोर्डले भन्छन्, ‘प्रत्येक सयमा २.२ हुनु भनेको त्यस्तो ठूलो कारण होइन । औषधि प्रयोग गर्ने महिलामा डिप्रेसन देखिनु अन्य कारण हुनसक्छ । जस्तै, महिलाको पार्टनरसँग सम्बन्ध टुट्यो वा दिनहुँ जस्तो झैझगडा भएमा पनि डिप्रेसन हुनसक्छ ।’

तर यससम्बन्धी भएका जति पनि अध्ययन छन् । ती अध्ययनले लामो समयसम्म प्रयोग गर्दा गर्भनिरोधक चक्कीले डिप्रेसन हुनसक्छ भने पनि के कारणले हुन्छ भनेर ठोस प्रमाण पेस गरिसकेका छैनन् ।

# राहत प्याकेजबिना सुरक्षा क्षेत्र घोषणा सरकारको हावादारी कदम : प्रभु साह

***कलैया,१८ साउन ।***

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले मधेसलाई 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरेर पनि राहत प्याकेज ल्याउन नसकेको भन्दै सरकारको कडा आलोचना गरेका छन् । उनले यस्तो घोषणालाई हावादारी र जनताको पीडामा थप चोट दिने कदमको संज्ञा दिए । बाराको कलैयास्थित उद्योग वाणिज्य संघको सभाहलमा आजपाद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले भने, "सरकारले मधेसमा जलसंकटको वास्तविकता बुझ्ने प्रयास गरेजस्तो देखिएको छ, तर पीडितलाई राहत नदिएर सरकार जनताको भावनासँग खेलिरहेको छ ।" मधेसका आठ जिल्लालाई विपद संकटग्रस्त क्षेत्र घोषणासँगै तत्काल राहत प्याकेज आउनुपर्ने उनको माग थियो । तर अहिलेसम्म कुनै योजना नआएकोप्रति उनले गम्भीर आपत्ति जनाए । "के सरकारको काम घोषणा मात्रै हो? जनता तड्पिरहेका छन्, खेतबारी




सुकिरहेका छन्, तर सरकारले केही पनि गरिरहेको छैन," साहको आरोप छ । प्रधानमन्त्री केपी शर्मा ओलीले केही हप्ता अघि हेलिकप्टरमार्फत निरीक्षण गर्दै मधेसमा ५ सय डिपबोरिङ गाड्ने घोषणा गरेका थिए । तर साहले त्यो घोषणालाई पनि 'हावादारी गफ' मात्र भने । "ती डिपबोरिङ कहाँ छन्? कहिले गाडिने? योजना छ? बजेट छ? कसैलाई केही थाहा छैन," उनले प्रश्न गरे । अध्यक्ष साहले सरकारलाई चेतावनी दिँदै भने, "मधेसी जनतासँग यस्तो मजाक नहोस् । राहत प्याकेज ल्याउनुहोस्, डिपबोरिङ गाडी पानीको स्थायी समाधान खोज्नुहोस् ।" उनले यो संकटलाई केवल राजनीतिक नौटंकीको विषय बनाउने हो भने जनताले समयमै उत्तर दिने चेतावनीसमेत दिए ।कार्यक्रममा आजपा बाराका अध्यक्ष राजकिशोर साह, केन्द्रीय सदस्य अशोक लामा, त्रिभुवन साह, उमेश कुशवाहालगायतको सहभागिता थियो ।

उनीहरूले पनि जलसंकटले मधेसका किसानदेखि सर्वसाधारण सबैलाई मारमा पारेको जनाउँदै तत्काल राहत र दीर्घकालीन समाधान माग गरे ।

# मन्त्री हेरफेर तत्काल नहुने : मुख्यमन्त्री सिंह

***जनकपुर,१८ साउन ।***

मधेस प्रदेश सरकारमा मन्त्री फेरबदलको चर्चा केही समयदेखि चल्दै आएको भए पनि तत्काल त्यो सम्भावना टरेको देखिएको छ । प्रदेश सरकारका मुख्यमन्त्री सतिस कुमार सिंहले अहिलेको अवस्थालाई ध्यानमा राख्दै मन्त्री हेरफेर चाँडै नहुने प्रस्ट पारेका छन् । मुख्यमन्त्री सिंहका अनुसार संघीय सत्ता गठबन्धनबाट कुनै पनि संकेत नआएको कारण मन्त्री फेरबदलको प्रक्रिया अगाडि नबढेको हो । "केन्द्रबाट स्पष्ट सन्देश आएपछि मात्र हामी आवश्यक निर्णयमा पुग्छौं," उनले भने । गत वर्ष जेठमा बनेको मधेस सरकारमा नेपाली कांग्रेस, एमाले, जनमत पार्टी र लोसपा सहभागी छन् । सत्ता साझेदारमध्ये जनमत पार्टीले आफ्नो एक वर्षे कार्यकाल पुगिसकेको भन्दै जेठमै दुईजना



मन्त्री फिर्ता बोलाईसकेको छ र नयाँ अनुहार पठाएको थियो । यसपछि मन्त्रिपरिषद् पुनर्गठन हुने चर्चा चलेको थियो ।

तर, कांग्रेसभित्रै मुख्यमन्त्रीको नेतृत्व परिवर्तन गर्ने प्रयास असफल भएपछि मन्त्री हेरफेर पनि रोकिएको हो । सत्तारुढ गठबन्धनभित्र आन्तरिक शक्ति सन्तुलन कायम गर्नुपर्ने अवस्था अझै बाँकी भएकाले हेरफेर प्रक्रिया लम्बिएको बताइएको छ ।

यसैबीच संघीय गठबन्धन पनि मन्त्रिपरिषद् हेरफेरको विषयमा मौन देखिएको छ । यस्तो परिस्थितिमा मधेस सरकारमा तत्काल मन्त्री फेरबदल नहुने लगभग निश्चितजस्तै देखिएको छ ।

# उखु किसान आन्दोलित, अनुदान कटौतीको विरोधमा सरकारलाई चेतावनी

***जनकपुर,१८ साउन ।***

उखुको अनुदान कटौतीको विरोधमा किसान आन्दोलित भएका छन् । चिनी उद्योग भएका जिल्लाका जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै उनीहरूले सरकारविरुद्ध आन्दोलनको घोषणा गरेका हुन् । प्रतिक्विन्टल ७० रुपैयाँका दरले नेपाल सरकारबाट किसानले पाउँदै आएको अनुदान कटौतीको विरोधमा आन्दोलनको घोषणा गरिएको उखु उत्पादक कृषक महासंघ महोत्तरीका अध्यक्ष नरेश सिंह कुशवाहाले बताए । उखु उत्पादनमा लागत बढ्दै गएको समयमा सरकारले अनुदान कटौती गरेपछि किसान समस्यामा परेका हुन् । 'सरकारले गत वर्षकै अनुदान किसानलाई दिएको छैन । चालु आर्थिक वर्षको बजेटमा अनुदान कटौती गरेको छ । सरकारले किसानको माग सम्बोधन गर्न आनाकानी गरेका कारण हामी आन्दोलनको तयारीमा जुटेका छौं,' अध्यक्ष कुशवाहाले भने । आइतबार जिल्ला प्रशासन कार्यालय महोत्तरीमार्फत



प्रधानमन्त्रीलाई ज्ञापन बुझाउँदै मंगलबार चिनी उद्योगअगाडि टायर बालेर प्रदर्शन गर्ने र भदौ ८ गते काठमाडौंमा प्रदर्शन गर्ने कार्यक्रम रहेको उनले बताए । आर्थिक वर्ष ०८१र०८२ को उखुको अनुदान रकम प्रतिक्विन्टल ७० को दरले करिब १ अर्ब ६० करोड रुपैयाँ नेपाल सरकारले भुक्तानी नगरेको र आर्थिक वर्ष २०८२र०८३ को बजेटमा सम्बोधनसमेत नगरेपछि संघर्षका कार्यक्रम घोषणा गरिएको अध्यक्ष कुशवाहाले बताए । नेपाल उखु उत्पादक महासंघको २०८२ साउन १२ गते सोमबार सर्लाही, हरिवनमा बसेको बैठकले उखु किसानलाई उखु खेतीमा प्रोत्साहन गर्न माग गरेको छ ।

उखुको उन्नत जातको बीउको अभाव, सहुलियत कर्जाको अभाव, खाद्यमल सहज ढंगले नपाइनु, उखु भुक्तानीमा ढिलाइ हुनु, उखुको उचित मूल्य नपाइनु, उखु खेतीका लागि प्राविधिक सहयोग नहुनुजस्ता समस्या रहेको महोत्तरी, गौशालाका उखु कृषक राजाराम महतोले बताए । उनका अनुसार किसानले आफ्नै बलबुतामा जसोतसो उखु खेती गरे पनि सरकारले अनुदान कटौती गरेर अन्याय गरेको छ ।

# ढिलै सही, वर्षाले मधेशका किसानमा खुशीको बहार

***जनकपुर,१८ साउन ।***

लामो प्रतीक्षापछि परेको वर्षाले मधेशका किसानको अनुहारमा खुसी छाएको छ । सर्लाहीको दक्षिणी भेगमा शनिबार र आइतबार परेको अविरल वर्षापछि धान रोपाइँले तीव्रता पाएको छ । साउनको दोस्रो हप्ता पुग्दासम्म पर्याप्त वर्षा नहुँदा सर्लाहीसहित मधेशका धेरै जिल्लामा खेत बाँझै थिए । कतिपय किसानले बिउ रोप्नसमेत नपाएको अवस्था थियो । तर, पछिल्ला दुई दिनको वर्षाले खेतमा पानी जम्दा किसान खेत जोत्न र रोपाइँ गर्न व्यस्त देखिएका छन् । कृषि ज्ञान केन्द्र, मलंगवाका अनुसार जिल्लामा करिब ४० हजार हेक्टर क्षेत्रमा धानखेती हुने गर्छ । तर हालसम्म जम्मा ६६ प्रतिशत क्षेत्रफलमा मात्र रोपाइँ सम्पन्न भएको छ । बाँकी क्षेत्र अझै वर्षाको भर पर्नुपर्ने अवस्थामा छ । मधेशका अधिकांश जिल्लामा शनिबारदेखि नै वर्षा भएपछि सर्लाहीसहित सिरहा, महोत्तरी, धनुषा, रौतहट, बारा र पर्साका किसानले ढिलै भए पनि रोपाइँ गर्न थालेका छन् । मौसमले साथ दिए बाँकी खेतमा पनि रोपाइँ केही दिनमै सकिने अपेक्षा गरिएको छ । धान उत्पादन मधेशको मुख्य आर्थिक आधार हो ।

पानीको भरमा निर्भर खेती भएकाले समयमै वर्षा नहुनु कृषकका लागि ठूलो चिन्ता बनेको थियो । अब भने वर्षाले ढाडस दिएको छ । स्थानीय किसान हरिलाल यादव भन्छन्, "अहिलेसम्म झ्याँग बाँझै थियो, दुई दिनको पानीले खेत हरियो हुने आस जागेको छ ।"

# संघीय लोकतान्त्रिक मोर्चाद्वारा जनजागरण अभियान सुरु

***काठमाडौं,१८ साउन ।***

संघीय लोकतान्त्रिक मोर्चाले आजदेखि देशव्यापी जनजागरण अभियानको सुरुवात गरेको छ । काठमाडौंको कालिकास्थानस्थित अमृतभोग पार्टी प्यालेसमा आयोजित एक विशेष कार्यक्रमबाट अभियानको औपचारिक सुरुवात गरिएको हो । जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जनाए अनुसार, अभियानको उद्देश्य हालको राजनीतिक परिस्थितिका बारेमा आम नागरिकलाई जानकारी गराउँदै संघीयता र लोकतान्त्रिक मूल्यप्रति जनमत निर्माण गर्नु हो ।
आठ प्रमुख सहरमा जनजागरण मोर्चामा आबद्ध मधेशकेन्द्रित सात राजनीतिक दलले काठमाडौंपछि भैरहवा, नेपालगञ्ज, कैलाली, विराटनगर, राजविराज, जनकपुर र वीरगञ्जमा जनजागरण कार्यक्रम आयोजना गर्ने भएका छन् । यी सबै स्थानमा मोर्चाका शीर्ष नेताहरूले संघीय लोकतान्त्रिक मोर्चाको आवश्यकता, उद्देश्य र औचित्यबारे प्रष्ट पार्ने कार्यक्रम रहेको बस्नेतले जानकारी दिए । पूर्ण तयारी र




सहभागीहरूको टुङ्गो कार्यक्रमलाई व्यवस्थित, सशक्त र जनउत्तरदायी बनाउने लक्ष्यसहित मोर्चासम्बद्ध दलहरू आवश्यक तयारीमा जुटेका छन् । जसपा नेपालले आठवटै सहरका कार्यक्रमहरूमा सहभागी हुने नेताहरूको टुङ्गो लगाइसकेको छ ।

# कक्षा १२ को नतिजा यसै साता सार्वजनिक हुने

***काठमाडौं,१८ साउन ।***

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षाफल यही साता सार्वजनिक गर्ने तयारी गरेको छ । वैशाखमा सञ्चालन भएको यो परीक्षाको नतिजा अन्तिम चरणमा पुगेको बोर्ड स्रोतले जानकारी दिएको छ । परीक्षा वैशाख २१ गतेदेखि जेठ २ गतेसम्म सञ्चालन भएको थियो । यस वर्ष देशभरबाट कूल ५ लाख ११ हजार ५ सय २५ विद्यार्थी सहभागी भएका थिए । तीमध्ये ३ लाख ९५ हजार ९ सय ८ जना नियमिततर्फ र १ लाख १५ हजार ६ सय १७ जना आंशिक परीक्षार्थी थिए । शिक्षक आन्दोलनका कारण परीक्षा ढिलो सुरुमा बोर्डले वैशाख ११ गतेबाट परीक्षा सञ्चालन गर्ने तयारी गरेको भए पनि, शिक्षक महासंघको आन्दोलनका कारण परीक्षा करिब १० दिन ढिला गरी सुरु गरिएको थियो ।

# कलैया अस्पतालमा फोहोर र दुर्गन्धको चपेटा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,१८ साउन ।***

बाराको कलैया प्रादेशिक अस्पतालमा फैलिएको चरम फोहोर, दुर्गन्ध र अव्यवस्थाप्रति सामाजिक अभियन्ता आशिका तामाङले आक्रोश पोख्दै अस्पताल व्यवस्थापनसँग कडा जवाफ माग गरेकी छन् । सार्वजनिक भएको भिडिओमा उनले अस्पतालका अध्यक्ष प्रकाश चौगाइलाई सिधा प्रश्न गर्दै अस्पतालको दयनीय अवस्थाबारे कडा आलोचना गरेकी हुन् । तामाङले अस्पतालमा शौचालय अत्यन्तै फोहोरी, धारामा पानी नआउने, जताततै फोहोर र दुर्गन्ध फैलिएको भन्दै अध्यक्ष चौगाईलाई अस्पतालमै प्रयोग गर्नुपर्ने शौचालयमा पठाउने चुनौती दिइन् । जब अध्यक्षले सरसफाइको जिम्मेवारी अन्य कर्मचारीतर्फ ढल्काउन खोजे, उनले भने, "त्यो



लेडिज टॉयलेट हो" भनेर पन्छिन खोजेपछि तामाङले उल्टै जवाफ दिइन्"व्यवस्थापन गर्नु तपाईंको काम होइन?" अध्यक्षले बारम्बार तामाङमाथि 'एक्टिङ गरिरहेकी हो' भनी आरोप लगाए पनि उनले ती आरोपलाई खारेज गर्दै भनिन्"यो एक्टिङ होइन, बिरामीको जीवनको कुरा हो ।" उनले अस्पतालमा सरसफाइको अभावले बिरामीहरू रोगको जोखिममा परेको, केहीको ज्यानसमेत गएको आशंका गर्दै तत्काल सुधारको माग गरिन् ।

भिडिओले सामाजिक सञ्जालमा व्यापक ध्यान खिचेको छ, जहाँ धेरैले अस्पताल प्रशासनको लापरबाहीप्रति आक्रोश व्यक्त गरेका छन् ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा